# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
## गोठगाउँ, मोरङ्ग

च.न.

मिति : २०८२/०९/२४

## भर्ना सम्वन्धी अत्यन्त जरुरी सूचना

चिकित्सा शिक्षा आयोगले मिति २०८२ /०९/२३ मा प्रकाशित गरेको चिकित्सा शिक्षा स्नातक तहको छात्रवृत्ति तर्फका दोस्रो चरणको पुन:म्याचिङ तथा विद्यार्थी भर्ना सम्वन्धी सूचना अनुसार पूर्वाञ्चल विश्वविद्यालयको आङ्गिक तथा सम्वन्धन प्राप्त क्याम्पस/कलेजहरुमा छात्रवृत्ति कोटाको सूची भित्र नाम रहेका विद्यार्थीहरुलाई मिति २०८२/०९/२८ गते भित्र पू.वि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्गमा **स्वयम् उपस्थित** भई भर्ना हुन यो सूचना प्रकाशित गरिन्छ ।

**स्थान: पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकाय, सुन्दरहरैंचा न.पा., गोठगाउँ, मोरङ्ग (सलकपुर खानेपानी आयोजनाबाट १०० मिटर पश्चिम)**

**भर्नासम्वन्धी मिति र समय तालिका:**

| मिति | समय |
|---|---|
| २०८२/०९/२४ | बिहान १० बजेदेखि ४ बजेसम्म |
| २०८२/०९/२५ | बिहान १० बजेदेखि ४ बजेसम्म |
| २०८२/०९/२८ | बिहान १० बजेदेखि ३ बजेसम्म |

**भर्ना सम्वन्धी नियमहरु:**

१. चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण पश्चात म्याचिङ (Matching) भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारहरुले भर्ना हुँदा दरखास्त फारमका साथ पेश गरेका सम्वन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने छ ।

२. भर्ना हुने विद्यार्थीले चिकित्सा शिक्षा आयोग र पूर्वाञ्चल विश्वविद्यालयको आचार संहिता र नियमावली पालना गर्नुपर्ने छ ।

३. राष्ट्रिय चिकित्साशास्त्र शिक्षा नियमावली २०७७ (दोस्रो संशोधन सहित) को नियम २२ उपनियम (१) सँग सम्वन्धित कबुलियतनामामा विद्यार्थी स्वयम्ले दस्तखत गर्नुपर्ने छ ।

**भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरु:**

- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई) को ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको सक्कल तथा प्रतिलिपि ।
- प्रवेशपत्रको सक्कल तथा प्रतिलिपि ।
- नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- नियमानुसार लागुहुने अन्य कागजातहरु ।

फोन न : ०२१-४२५००९ फ्याक्स न: ९७७-२१-४२५००८ ईमेल :info@pufomas.edu.np, गोठगाउँ, मोरङ्ग

# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
### गोठगाउँ, मोरङ्ग

नोट :

- कक्षा संचालन सम्बन्धि सूचना पछि प्रकाशन गरिनेछ ।
- शैक्षिक कार्यकमको सिट निर्धारण तथा भर्नाको नामावली सम्बन्धी विवरण mec.gov.np मा हेर्न सूचित गरिन्छ ।
- थप जानकारीका लागि ९८५२०६७७२७/९८६००९२५१३ (Whatsapp) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

संकाय रहेको स्थान हेर्नको लागि scan गर्नुहोस्